# बान्नीगढी जयगढ गाउँपालिकाको दोस्रो गाउँसभामा अध्यक्ष श्री राजेन्द्र बहादुर खड्काले प्रस्तुत गर्नुभएको आ.ब. २०७५/०७६ को नीति तथा कार्यक्रम

**यस बान्नीगढी जयगढ गाउँपालिकाको सम्मानीत गरिमामय दोस्रो गाउँसभा, प्रथम–सत्रका सभाध्यक्षज्यू, यस सभामा उपस्थित कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू तथा गाउँसभाका सचिवज्यू लगायतका कर्मचारीज्यूहरू तथा पत्रकारहरू।**

बान्नीगढी जयगढ गाउँपालिकाका दोस्रो गाउँसभाको बैठकमा आर्थिक वर्ष ०७५/०७६को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म आफूलाई भाग्यमानी महशुस गरीरहेको छु ।

लोकतन्त्र प्राप्तिको संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सहिदहरुप्रति श्रदान्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु ।

संवैधानिक अधिकार तथा श्रोत साधन सहित स्थानीय सरकारको गठनभई लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाइ सिंहदरवारको अधिकार गाउँ–गाउँमा आइपुग्दा स्थानीय सरकारले गर्वको अनुभुती गरेको छ । "**समृद्धिको आधारः बान्नीगढी सरकार**" भन्ने नारालाई आत्मसात् गर्दै बान्नीगढी जयगढ गाउँपालिकालाई समुन्नत र समृद्ध बनाउन हामी लागि रहेका छौ ।

नेपालको संविधानले स्थानीय तहलाई सुनिश्चित गरेका हक अधिकारको क्रियाशिलताका लागि बान्नीगढी जयगढ गाउँपालिका सदा अग्रसर रहनेछ । संविधान प्रदत्त हक अधिकारलई आवश्यक कानून एवम् संरचनाहरुको निर्माण गर्दै तिनको कार्यान्वयन गाउँपालिकाको सर्वाधिक महत्त्वको विषयका रुपमा रहनेछ । नेपालको संविधानले परिलक्षित गरेको राष्ट्रिय अर्थतन्त्रलाई समाजबाद उन्मुख आत्मनिर्भर स्वतन्त्र तथा उन्नतिशील बनाउने सोचलाई कार्यान्वयन गर्दै दिगोपनासहितको समृद्धिको मार्गमा राष्ट्रलाई अगाडि बढाउनेतर्फ गाउँपालिकाको ध्यान केन्द्रित रहने छ।

**सभाध्यक्ष एवम् उपस्थित सभा सदस्यहरुज्यूहरू,**

दिगो र व्यवसायिक कृषि विकासद्वारा कृषि क्षेत्रलाइ आत्मनिर्भर उन्मुख बनाउने दिशामा गाउँपालिका अग्रसर रहने छ । निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने कार्यको थालनी गरिने छ । सहकारी र निजी क्षेत्रसंग साझेदारी गरी कृषि उपजको बजारीकरणका लागि आवश्यक बजेट विनियोजन गरिने छ । गाउँपालिकाका ६ वटै वडाहरूका सम्भाव्यता हेरी कृषि पकेट क्षेत्रहरुको विकास गरिने छ । छातासेनलाई कृषि पर्यटन क्षेत्रका रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिने छ ।

हरेक वर्ष २ जना उत्कृष्ठ कृषक छनौट गरी "**गाउँपालिका अध्यक्ष उत्कृष्ठ कृषक पुरस्कार**" दिइने छ ।

यस गाउँपालिकाको क्षेत्र भित्रका स्थानिय तथा वर्णशंकर पशुपंक्षीको उत्पादनशिलता तथा उत्पादकत्व बढाई **"दीगो पशुपंक्षीजन्य उत्पादनका माध्यामले गाउँपालिकालाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाई उच्च आर्थिक बृद्धिदर हाँसिल गर्ने"** तर्फ प्राथमिकता दिईनेछ । हाम्रा पशुपंक्षीहरुको वर्तमान उत्पादन क्षमता राष्ट्रव्यापी रुपमा मूल्यांकन गरी थप स्पष्ट र सुदृढ नीति तथा कार्यक्रमहरुलाई समय सापेक्ष बनाई सोही अनुसार अवलम्बन गरिनेछ ।

उद्योगहरुलाई आवश्यक पर्ने पूर्वाधारहरूको व्यवस्था गर्ने नीति निर्माण र कार्यान्वयनमा जोड दिइने छ । स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, साना तथा मझौला उद्योगको स्थापना र संचालन गरिने छ ।

बान्नीगढी जयगढ प्रसस्त पर्यटकीय संभावना बोकेको क्षेत्र हो । यहाँका पर्यटकीय गन्तव्य स्थल तथा उपजको पहिचान गरी विविधिकरण र विकास गरिनेछ । बान्नीगढी मन्दिरलाई धार्मिक पर्यटनको गन्तब्यका रुपमा विकास गरिने छ ।

सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी गाउँपालिकाको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुर्‍याइने छ । सहकारी संस्थाहरुलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराइने छ । सहकारीको माध्यमबाट ग्रामीण क्षेत्र तथा विपन्न वर्गको आर्थिक सामाजिक, समावेशीकरणलाई जोड दिइने छ। अनुगमन र नियमनलाई प्रभावकारी बनाई

सहकारी क्षेत्रमा सुशासन कायम गरिनेछ ।**सभाध्यक्ष एवम् उपस्थित सभा सदस्यहरुज्यूहरू,**

जयगढ बजार प्रसस्त ब्यापारिक सम्भावना बोकेको ब्यापरिक क्षेत्र हो । गाउँपालिका स्थापना भइसके पश्चात् यस्तो सम्भावना थप बढेर गएको छ । यस बजारमा वित्तीय संस्थाहरुको स्थापनाका लागि आवश्यक पहल गरिने छ । आगामी आर्थिक वर्षभित्र यस गाउँपालिकामा "क" श्रेणीको वाणिज्य वैंक स्थापना गरिने छ ।

शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्ने, सवै तह एवम् विधाको समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ गाउँपालिकाको शिक्षा नीति तथा कार्यक्रमहरु उन्मूख रहनेछन् ।

समग्र शिक्षा प्रणालीको सुधारका लागि स्वेतपत्र प्रकाशन गरी विद्यालयहरुको वैज्ञानिक ढंगबाट व्यवस्थापन गरिने छ । विद्यालयहरु एकआपसमा समाहित (merge) गरी तिनलाई आर्थिक, भौतिक एवम् अन्य रुपमा स्रोत साधनले सम्पन्न बनाइने छ । गाउँपालिका क्षेत्रभित्रको एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिने छ ।

हरेक वर्ष यस गाउँपालिकाका सामुदायिक विद्यालयबाट एस. ई. ई. परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थी मध्ये उत्कृष्ठ नतिजा

ल्याउने २ जना परीक्षार्थीहरू (एक छात्रा र एक छात्र) लाई "नर बहादुर स्वाँर मेधाबी विद्या पदक" प्रदान गरिने छ ।

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउने तर्फ गाउँपालिका केन्द्रित हुनेछ ।

गाउँपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयम् सेविकाहरुको मनोबल उच्च राख्न प्रोत्साहन गरिने छ । समग्र बिकासको मेरुदण्डको रुपमा रहेको आमा समूहलाई पुनर्गठन गरि योग्यता प्राप्त आमा समुहका सदस्यहरुलाई पोशाकको व्यवस्था गरिने छ ।

गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै यस गाउँपालिकामा एक १५ शैयाको अस्पताल स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

आ.व.२०७५/२०७६ मा गाउँपालिकामा एक एम्वुलेन्सको व्यवस्था गरिने छ ।

यस गाउँपालिकामा महिला, किशोरी र बालबालिकाहरूमा हुने पोषणको अवस्थामा सुधार ल्याउने बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयनमा निरन्तरता दिईने छ । यस गाउँपालिकाका प्राय सबै जसो वडाहरुले खानेपानीको चरम अभाव बेहोरीरहेको सन्दर्भमा खानेपानीको उपलब्धता सुनिश्चित

गर्ने विषय गाउँपालिकाको उच्च प्राथमिकतामा रहने छ । आगामी आर्थिक वर्षमा आधारभूत रुपमा खानेपानीको व्यवस्था गर्न आवश्यक व्यवस्था गरिने छ ।

खानेपानीको क्षेत्रमा क्रियाशिल विकास साझेदारहरुलाई यस गाउँपालिकाका सवै वडामा कार्यक्रम संचालन गर्नका लागि आवश्यक वातावरण निर्माण गरिने छ । ग्रामिण जलस्रोत परियोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न समपूरक कोष खडा गरी साझेदारीका आधारमा खानेपानी आयोजना निर्माण गर्न आवश्यक व्यवस्था गरिने छ ।

फोहोर मैला व्यवस्थापन यस गाउँपालिकामा समेत चुनौतीका रुपमा स्थापित हुँदै गएको अवस्था छ । यसको व्यवस्थापनका लागि सार्वजनिक नीजि साझेदारी मोडेलको अवलम्वन गरिने छ ।

गाउँपालिका क्षेत्र र जयगढ बजार क्षेत्रमा बढ्दै गएको फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाको उपयुक्त क्षेत्रमा डम्पिङ साइटको व्यवस्था गरीने छ ।

विभिन्न जातजाति, भेषभुषा, रहन सहनका मानिसहरुको बसोबास रहेको बान्नीगढी जयगढ ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले एक समृद्ध गाउँपालिका हो । यस क्षेत्रमा रहेका धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको पुनःनिर्माण गरी संरक्षण र संवर्द्धन गरिने छ । धार्मिक, साँस्कृतिक पर्यटनको विकास गर्न आवश्यक व्यवस्था गरिने छ

। यस क्षेत्रमा मनाइने चाड पर्व, मेलापात, जात्राहरुको प्रवर्द्धन गरिने छ ।

सामाजिक र आर्थिक अवसरहरुमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गरिने छ । सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गरिने छ । आर्थिक, सामाजिक वा शैक्षिक अवसरबाट वंचितिमा परेका दलित, शारीरिक तथा मानसिकरुपमा अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिबृधि गर्न चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

किसान, श्रमिक, उत्पीडित वा पिछडीएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्यका लागि उपलब्ध साधनस्रोत, सेवा तथा सुविधामा पहुँच सुनिश्चतता प्रदान गरिने छ ।

**सभाध्यक्ष एवम् उपस्थित सभा सदस्यहरुज्यूहरू,**

सडक विकासको पूर्वशर्त एवम् पूर्वपक्ष हो । यस गाउँपालिकामा निर्माणसम्पन्न सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना संचालनमा ल्याईने । यस गाउँपालिकाका सवै वस्तिहरुलाई सडक संजालमा जोड्ने कार्यलाई तिब्रता दिईने छ ।

आगामी आर्थिक वर्षबाट गाउँपालिकामा वस्तीविकास मापदण्ड लागु गरिने छ । जयगढ बजारलाई ब्यवस्थित गरी सुन्दर र आकर्षक ब्यापारीक केन्द्रकारुपमा विकास गर्न बजार क्षेत्रभित्र न्यूनतम सडक क्षेत्र कायम गरी सो सडकको स्तरोन्नती गरिने छ ।

सडक अतिक्रमण गरी बनाइएका घर, टहरा, पसल, गोदाम एवम् अन्य भौतिक संरचनाहरुलाइ हटाएर बजार क्षेत्रलाई व्यवस्थित बनाइने छ । सूचना तथा संचारको माध्ययमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति गर्न गाँउपालिका क्रियाशिल रहने छ। गाउँपालिकामा आगामी आर्थिकवर्षभित्र ल्याण्डलाइन टेलिफोन जडान गर्न आवश्यक व्यवस्था मिलाइने छ। आगामी आर्थिक वर्षभित्र गाउँपालिकाका सबै वडा कार्यालयहरुमा इन्टरनेट जडान कार्य सम्पन्न गरिने छ ।

वातावरण व्यवस्थपानलाई आन्तरिकीकरण गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रुपमा संचालन गरिने छ । वन, वनस्पति, जडीबुटी, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्धन, व्यावसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थिकीय प्रणालीबीच सन्तुलन कायम गरिने छ ।

तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन, खेती विस्तार एवम् निर्यातका लागि ब्राण्डिङ सहितको बजार प्रवर्धन गरिने छ ।

वन डढेलो व्यवस्थापनको लागि पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलोप्रतिरोधी क्षमता विकास गर्न आवश्यक व्यवस्था गरिने छ ।

यस गाँउपालिकामा एक वारुणयन्त्रको व्यवस्थाका लागि माथिल्ला तहका सरकारमा अनुरोध गरिने छ ।

जलाधार क्षेत्र र पानीका मुहानहरुको संरक्षण गरिने छ ।

विपद व्यवस्थापन कोष खडा गरी त्यसलाई विपद पूर्वतयारी, विपद प्रतिकार्य एवम् पुनर्लाभमा खर्च गरिने छ ।

सरकारी, सामुदायिक, साझेदारी र नीजी क्षेत्रसंग सहकार्य गरी मानव संसाधनको विकास एवम् संभार गरिने छ ।

दलित एवम् लक्षित वर्ग केन्द्रित मानव संसाधन विकासका कार्यहरु गाउँपालिकाका उच्च प्राथमिकतामा रहनेछन । समावेशिताका आधारमा गाउँपालिकाका सय भन्दा बढी व्यक्तिलाई विभिन्न प्रकारका सीपमूलक तालिम प्रदान गरिने छ । दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला एवम् अति विपन्न नागरिकलाई क्षमता विकास र स्वरोजगारी-जन्य तालिम प्रदान गरिने छ ।

खेलकुदको विकास गरी युवाहरुलाई अनुशासित र स्वस्थ बनाई राख्न आवश्यक बजेट विनियोजन गरिने छ ।

गाउँपालिका भित्र थप रोजगारी सिर्जना गरि बैदेशिक रोजगारीमा जान पर्ने अवस्था कम बनाउन "अध्यक्ष युवा रोजगार कार्यक्रम" सुरु गरिने छ । व्यवसायिक कृषि ,सिचाई,खानेपानी,नदी नियन्त्रण, बन यातायात पूर्वाधार ,पर्यटन क्षेत्रलाई यस कार्यक्रममा आबद्ध गरिने छ ।

**सभाध्यक्ष एवम् उपस्थित सभा सदस्यहरुज्यूहरू,**

हामी भरखरै संघीयताको अभ्यासमा गएका छौ । संघीय शासन प्रणालीमा स्थानीय सरकारलाई दिगो एवम् प्रभावाकारी

बनाउन स्वावलम्बी र आत्मनिर्भर स्थानीय तहको जरुरत पर्दछ । स्वाबलम्वी एवम् आत्मनिर्भर बन्न हामीले यस गाँउपालिकामा आर्थिक स्रोतको खोजी गर्नै पर्छ ।

आगामी आर्थिक वर्षमा गाउँपालिकामा थप राजस्व स्रोतको पहिचान गरी करका दर र दायरा निर्धारण गरिने छ । कर संकलन कार्यलाई अभियान कै रुपमा सञ्चालन गरिने छ ।

यस गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तिहरुको अभिलेख तयार गरी तिनको सुरक्षा, संभार एवम् सदुपयोग गरिने छ । अतिक्रमित सार्वजनिक जग्गा, भवन, वनक्षेत्र एवम् नदीनालाहरूको अतिक्रमण हटाइ तिनको संरक्षण गरिने छ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगलाई स्थापित र विस्तारित गर्दै लगिने छ । यस गाउँ कार्यपालिका अन्तर्गतका सरकारी कार्यालयहरूमा विद्युतिय हाजिरी प्रणाली जडान गरिने छ।

सार्वजनिक जवाफदेहिताको लागि प्रविधिको दिगो प्रयोगलाई बढावा दिन आवश्यक व्यवस्था गरिनेछ । गैरसरकारी क्षेत्रसंगको सहकार्यमा प्रविधिको दिगो प्रयोगलाई परियोजनाकै रुपमा लागु गरिने छ ।

सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी र पारदर्शी बनाउन पञ्जीकरणसम्बन्धी कार्य एम. आइ. एस. मा आवद्ध भइसकेको अवस्थामा आगामी आर्थिक वर्षमा एम. आइ. एस.मा प्रविष्ट गरिएका व्यक्तिहरूलाई बैङ्कीङ प्रणालीबाट

सामाजिक सूरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

आगामी आर्थिक वर्षमा गाउँपालिकाको मूल प्रशासनिक भवन एवम् वडा कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गाको प्रवन्ध गरी केन्द्र सरकारसंग भवन निर्माणका लागि बजेट माग गरिने छ।

मदिरा र मदिराजन्य पदार्थबाट सिर्जित आर्थिक, सामाजिक एवम् सुरक्षा संवेदनशिलतालाई मध्यनजर गरी यसको नियन्त्रणका लागि आवश्यक प्रवन्ध गरिने छ ।

कर्मचारीको वृत्ति विकास एवम् सेवाप्रति उत्प्रेरित गराइराख्न समयानुकुल आवश्यक व्यवस्था गरिने छ ।

विकास निर्माण कार्यमा नागरिक सहभागीताको प्रवर्धन गर्न सहभागीतामूलक विकास प्रक्रिया अवलम्वन गरिने छ । उपभोक्ता समितिहरुको क्षमता विकास गर्न आवश्यक व्यवस्था गरिने छ ।

गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा एवम् यस गाउँपालिकामा हुने सबै काम कार्यबाहीलाई सुशासनयुक्त बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यहरु नियमित रुपमा संचालन गरिने छन् ।

गाउँपालिकाले आगामी आर्थिक वर्षमा अनुसन्धान तथा विकासको क्षेत्रमा समेत विशेष कार्यको थालनी गर्नेछ । बन्नीगढी गाउँपालिकालाई योजनावद्ध रुपमा अघि बढाउन गाउँपालिकाले गाउँपालिका बस्तुगत विवरण र गाउँपालिका

यातायाता गुरूयोजनाको कार्य तीव्रताको साथ अगाडि बढाइरहेको छ भने निकट भविष्यमै गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना, लघु उद्यम विकास योजना लगायत अन्य योजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

**सभाध्यक्ष एवम् उपस्थित सभा सदस्यहरुज्यूहरू,**

विकासको आवश्यकता र उर्लदा जनआकांक्षा पूरा गर्न तथा विकासलाई दिगो बनाउन सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्य र परिपूरक भूमिका अपरिहार्य छ । संविधानद्वारा निर्दिष्ट जिम्मेवारी पूरा गर्न गाउँपालिकाले आधारभूत सामाजिक सेवा र पूर्वाधार क्षेत्रमा लगानी बढाउँदै व्यवसायिक ढङ्गले अघि बढ्न सकिने क्षेत्रमा निजी तथा सहकारी र सामुदायिक क्षेत्रको क्षमता र संभावना उपयोग गरी विकासका लक्ष्यहरु प्राप्त गर्न गाउँपालिका प्रतिवद्ध छ ।

अन्त्यमा, यस सम्मानित गाउँसभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरू र पत्रकारज्यूहरुलाई यो गाउँसभा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सुझाव र मार्गदर्शन दिनुहुने समस्त गाउँपालिकाबासी बुद्दिजिबी, समाजसेवी, सबै राजनैतिक दल, शिक्षक, उद्योगी ब्यापारी, विभिन्न पेशाकर्मी, सुरक्षाकर्मी, पत्रकार एवम् आम जनसमुदायलाई विशेष धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाको कार्यमा अहोरात्र खट्ने गाउँपालिका गाउँकार्यपालिका सदस्यहरु एवम् सम्पूर्ण गाउँसभाका सदस्यहरूका साथै गाउँकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण शाखा प्रमुख र समस्त

कर्मचारीज्यूहरुलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । साथै, गाउँपालिकाको बिकास प्रयासमा सहयोग पुर्याउनु हुने अन्तरास्ट्रिय संघ संस्था, राष्ट्रिय संघ संस्था, समुदायमा आधारित संघ संस्था तथा विकास साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु ।

"**समृद्धिको आधारः बान्नीगढी सरकार**" भन्ने हाम्रो नारालाई सार्थक बनाउन तत्काल आजैदेखि हामी सबै गाउँपालिकावासी एकढिक्का भएर अगाडि बढ्न सकौँ ।

माता बान्नीगढी, माता बरदादेवी, माता कालिका र माता शोड्षादेवीले हामी सवैको रक्षा गरुन् ।

**धन्यवाद्, जयनेपाल ।**

**मितिः २०७५/०३/१०**